अनुसूची–४
(नियम १९ क. संग सम्बन्धित)
श्री ५ को सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
– – – – – – – – – – – – आरक्ष कार्यालय

क.सी.
कौमी

सि.नं.:–
मितिः–

अनुमतिपत्र

दस्तूर बुझाउनेको नाम, थर, वतनः–

(क) सवारी वा घर पालुवा जीवजन्तुको किसिमः–
सवारी नम्बरः–
दस्तूरः–

(ख) खर खडई सङ्कलन गर्ने क्षेत्रः–
दस्तूरः–
अवधिः–

अनुमतिपत्र प्रदान गर्नेको दस्तखत

## सूचना २

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण (तेस्रो संशोधन) नियमावली, २०४२

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो नियमहरूको नाम "राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण (तेस्रो संशोधन) नियमावली, २०४२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम २ मा संशोधन: राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को खण्ड (ख) मा रहेको "कार्यालयको" भन्ने शब्दको सट्टा "विभागको" भन्ने शब्द राखिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२८६

३. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमावलीको नियम ७ को,

(१) खण्ड (ख)को (१) मा रहेको "२२" भन्ने अङ्कको सट्टा ".२२" भन्ने अङ्क राखिएको छ।

(२) खण्ड (ग) को (३) मा रहेको "२२२" भन्ने अङ्कको सट्टा ".२२" भन्ने अङ्क राखिएको छ।

४. मूल नियमावलीको नियम ६ मा संशोधन : मूल नियमावलीको नियम ६ को उप-नियम (१) को सट्टा देहायको उप-नियम (१) राखिएको छ:-

"(१) जिल्ला शिकार अनुज्ञापत्र अनुसूची १ बमोजिमको दस्तूर लिई नेपाली नागरिकलाई मात्र दिन सकिनेछ। सो अनुज्ञापत्र दश दिन-सम्म बहाल रहने गरी जिल्ला वन कार्यालयले दिन सक्नेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले अनुज्ञापत्रमा तोकिएको इलाकामा देहायका वन्यजन्तुहरू र पंक्षीहरू देहायको अधिकतम संख्यामा नबढाई वन्यजन्तुको हकमा जम्मा तीन वटासम्म र पंक्षीको हकमा जम्मा दश वटासम्म शिकार गर्न पाउनेछ।

| वन्यजन्तु र पंक्षीहरूको नाम | | शिकार गर्न पाइने प्रत्येक वन्यजन्तु र पंक्षीहरूको अधिकतम संख्या:- |
|---|---|---|
| (१) स्तनधारी | | |
| (क) रातो मृग | – | १ |
| (ख) चित्तल | – | १ |
| (ग) बनेल | – | २ |
| (घ) चौघडा | – | ३ |
| (२) पंक्षीहरू | – | |
| (क) मुजूर | – | १ |
| (ख) कालिज | – | ३ |
| (ग) लुइँचे | – | ५ |
| (घ) तित्रा, च्याखुरा | – | १० |
| (ङ) पानी हाँस | – | १० |

तर कुनै पनि दिनमा तीनवटाभन्दा बढी पंक्षीहरू मार्न पाइनेछैन।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८६

५. मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः–

"१०. सामान्य शिकार अनुज्ञापत्रः सामान्य शिकार अनुज्ञापत्र अनुसूची १ बमोजिमको दस्तूर लिई नेपाली र विदेशी नागरिकलाई महाभारत शृंखलादेखि दक्षिण सिमाक्षेत्रसम्म पन्द्र दिन वा महाभारत शृंखलादेखि उत्तर सिमाक्षेत्रसम्म एक्काइस दिनसम्म बहाल रहने गरी दिन सकिनेछ र त्यस्तो अनुज्ञापत्र प्राप्त गर्ने व्यक्तिले अनुज्ञापत्रमा लेखिएको जिल्ला वा क्षेत्रमा देहायका वन्यजन्तुहरू र पंक्षीहरू देहायको अधिकतम संख्यामा नबढाई वन्यजन्तुको हकमा जम्मा चारवटासम्म र पंक्षीको हकमा जम्मा दशवटासम्म शिकार गर्न पाउनेछ ।

| (१) वन्यजन्तुको नाम | | शिकार गर्न पाइने प्रत्येक वन्यजन्तुको अधिकतम संख्या |
|---|---|---|
| (क) रातो मृग | – | १ |
| (ख) चित्तल | – | २ |
| (ग) लगुना | – | १ |
| (घ) घोड गधा | – | १ |
| (ङ) बनेल | – | २ |
| (च) चौघडा | – | ४ |

| (२) पंक्षीहरूको नाम | | शिकार गर्न पाइने प्रत्येक पंक्षीको अधिकतम संख्या |
|---|---|---|
| (क) मुजुर | – | २ |
| (ख) कालिज | – | ४ |
| (ग) लुइँचे | – | १० |
| (घ) च्याखुरा र तित्रा | – | १० |
| (ङ) पानी हाँस र चखेवा | – | १० |
| (च) ढुकुर, परेवा, हलेसो | – | १० |
| (छ) बट्टाई | – | १० |
| (ज) चाहा | – | १० |

तर कुनै पनि दिनमा चाहा र बट्टाईबाहेक अन्य पंक्षीहरू पाँचवटा-भन्दा बढी मार्न पाइनेछैन । चाहा र बट्टाईको हकमा एक दिनमा बढीमा दशवटासम्म शिकार गर्न सकिनेछ ।"

६. मूल नियमावलीको नियम ११ मा संशोधन : मूल नियमावलीको नियम ११ को सट्टा देहायको नियम ११ राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८८

"११. पुरक शिकार अनुज्ञापत्र : सामान्य शिकार अनुज्ञापत्र प्राप्त व्यक्तिलाई सो अनुज्ञापत्रमा तोकिएको ठाउँ र म्यादभित्र शिकार गर्ने गरी अनुसूची १ बमोजिम लाग्ने दस्तूर बुझाएमा देहायका वन्यजन्तु देहाय-बमोजिमको संख्यामा शिकार गर्न पूरक शिकार अनुज्ञापत्र दिन सकिनेछ ।

| वन्यजन्तुको नाम | | शिकार गर्न पाइने प्रत्येक वन्यजन्तुको अधिकतम संख्या |
|---|---|---|
| (क) नाउर | – | २ |
| (ख) जरायो | – | १ |
| (ग) चितुवा | – | १ |
| (घ) भालु (हिमालयन बियर) | – | १ |
| (ङ) भालु (स्थल बियर) | – | १ |
| (च) थार | – | १ |
| (छ) झारल | – | १ |
| (ज) घोरल | – | १ |
| (झ) चित्तल | – | २ |
| (ञ) बंदेल | – | २ |

७. मूल नियमावलीको नियम १२ मा संशोधन: मूल नियमावलीको नियम १२ मा रहेको "विदेशी नागरिकलाई" भन्ने शब्दहरूपछि "अनुसूची १ बमोजिमको दस्तूर लिई" भन्ने शब्दहरू थपिएका छन् ।

८. मूल नियमावलीको नियम १५ मा संशोधन : मूल नियमावलीको नियम १५ को उपनियम (१) मा रहेको "प्रमुखले" भन्ने शब्दपछि "अनुसूची १ बमोजिमको दस्तूर लिई" भन्ने शब्दहरू थपिएका छन् ।

९. मूल नियमावलीको नियम १६ मा संशोधन : मूल नियमावलीको नियम १६ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ :–

"(१) सम्बन्धित जिल्ला वन नियन्त्रकले देहायको आधारमा कुनै व्यक्तिलाई अनुसूची १ बमोजिमको दस्तूर लिई शिकार गाईडको अनुज्ञापत्र दिन सक्नेछ र त्यसरी शिकार गाईडको अनुज्ञापत्र दिने अधिकारीले त्यस्ता अनुज्ञापत्रको एक प्रति प्रमुखकहाँ पठाउनु पर्नेछ ।

(क) दरखास्तवाला आफूले काम गर्न चाहेको क्षेत्रभित्रको वन्य-जन्तु वा पंक्षी शिकारसित परिचित छ भन्ने लागेमा,

(ख) दरखास्तवाला ऐन र ऐनअन्तर्गत बनेको नियमहरूको जानकार हुनुका साथै शिकार गाईडको काम गर्न सक्षम छ भन्ने लागेमा ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

285

१०. मूल नियमावलीको नियम २१ मा संशोधनः मूल नियमावलीको नियम २१ को सट्टा देहायको नियम २१ राखिएको छः–

"२१. शिकार आरक्षमा क्षेत्र (ब्लक) सुरक्षण इजाजतपत्र : प्रमुखले वा श्री ५ को सरकारले सो कामको लागि तोकेको कुनै अधिकृतले जिल्ला शिकार अनुज्ञापत्र वा सामान्य शिकार अनुज्ञापत्र प्राप्त गरेका व्यक्तिलाई शिकार आरक्षभित्र शिकार गर्न अनुसूची १ बमोजिमको दस्तूर लिई क्षेत्र (ब्लक) सुरक्षण इजाजतपत्र दिन सक्नेछ । नेपाली नागरिकको नाममा क्षेत्र (ब्लक) सुरक्षण गरी विदेशीलाई शिकार खेल्न दिन वा खेलाउन सहयोग गर्नसमेत हुँदैन ।"

११. मूल नियमावलीको नियम २२ मा संशोधनः मूल नियमावलीको नियम २२ को उप-नियम (२) मा रहेको "कुनै मान्यता प्राप्त चिडियाखाना वा वैज्ञानिक अनुसन्धानशालाको अधिकारी भएमा वा" भन्ने शब्दहरूको सट्टा "कुनै मान्यता प्राप्त अध्ययन संस्थान वा चिडियाखाना वा वैज्ञानिक अनुसन्धानशालाको अधिकारी भएमा र" भन्ने शब्दहरू राखिएका छन् ।

१२. मूल नियमावलीको नियम २९ मा संशोधन : मूल नियमावलीको नियम २९ मा रहेको "मृत वन्यजन्तु वा पंक्षीलाई" भन्ने शब्दहरूपछि "सोही आरक्षमा वा" भन्ने शब्दहरू थपिएका छन् ।

१३. मूल नियमावलीको नियम २९ क.मा संशोधनः मूल नियमावलीको नियम २९क.को,

(१) उपनियम (१) मा रहेको "पच्चीस रूपैयाँ" भन्ने शब्दहरूको सट्टा "एक सय रूपैयाँ" भन्ने शब्दहरू राखिएका छन् ।

(२) उपनियम (४) झिकिएको छ ।

१४. मूल नियमावलीको नियम ३५ मा संशोधन : मूल नियमावलीको नियम ३५ को,

(१) उपनियम (१) मा रहेको "यथाशीघ्र" भन्ने शब्दहरूपछि "सोही आरक्ष वा" भन्ने शब्दहरू र सोही उपनियममा रहेको "त्यस्तोमा सम्बन्धित" भन्ने शब्दहरूपछि "आरक्ष वा" भन्ने शब्दहरू थपिएका छन् ।

(२) उपनियम (२) मा रहेको "कुनै त्यस्तो कार्यालयको प्रमुखलाई र त्यस्तो कार्यालय नरहेको जिल्लामा प्रमुख जिल्ला अधिकारीलाई" भन्ने शब्दहरूको सट्टा "नजिकको कुनै त्यस्तो कार्यालयको प्रमुखलाई" भन्ने शब्दहरू राखिएका छन् ।

१५. मूल नियमावलीको नियम ३८ मा संशोधन : मूल नियमावलीको नियम ३८ को सट्टा देहायको नियम ३८ राखिएको छः–

"३८. मुद्दा हेर्ने अधिकारी : (१) यस नियमावलीअन्तर्गतका कसूरसम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षको संरक्षकलाई र अन्य क्षेत्रको लागि सम्बन्धित जिल्ला वन नियन्त्रकलाई हुनेछ



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) को सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी देहायका कसूरसम्बन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार सम्बन्धित राष्ट्रिय निकुन्ज वा आरक्षको सहायक संरक्षक (असिष्टेण्ट वार्डन) र निज नरहेकोमा इलाका वन संरक्षकलाई हुनेछः–

(क) विना इजाजत राष्ट्रिय निकुन्ज वा आरक्षमा प्रवेश गरेमा,
(ख) मारिएको, समातिएको वा घाइते तुल्याएको वन्यजन्तुलाई शिकार रजिष्टरमा नचढाएमा,
(ग) अनुज्ञापत्र साथमा नराखी शिकार खेलेमा,
(घ) क्याम्प गर्न तोकिएको ठाउँभन्दा अन्यत्र क्याम्प खडा गरेमा,
(ङ) शिकार अनुज्ञापत्रमा तोकिएको कुनै शर्त उल्लङ्घन गरेमा,
(च) राष्ट्रिय निकुन्ज वा आरक्षभित्रको पाँच सय रूपैयाँसम्म मोल पर्ने रूख, विरुवा वा अन्य कुनै वन पैदावार काटेमा वा ढालेमा वा अन्य प्रकारले क्षतिग्रस्त गरेमा ।"

१६. रूपान्तरः मूल नियमावलीमा प्रयोग गरिएका देहायका शब्दहरूको सट्टा देहायका शब्दहरू राखिएका छन् ।

(क) "वन मन्त्रालय" को सट्टा "वन तथा भू-संरक्षण मन्त्रालय"
(ख) "राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण कार्यालयको "सट्टा "राष्ट्रिय निकुन्ज तथा वन्जयन्तु संरक्षण विभाग" ।
(ग) "डि.एफ.ओ." को सट्टा "जिल्ला वन नियन्त्रक" ।
(घ) "रेञ्जर" को सट्टा "इलाका वन संरक्षक" ।

## अनुसूची–१

(नियम ८(१), १०, ११, १२, १५, १६,२१ र २४ संग सम्बन्धित)

### दस्तूर

| अनुज्ञापत्र । इजाजतपत्रको नाम | नेपाली नागरिक | विदेशी नागरिक |
|---|---|---|
| १. जिल्ला शिकार अनुज्ञापत्र | रू. ३५०।– | रू. |
| २. सामान्य शिकार अनुज्ञापत्र | रू. ४००।– | रू. ५,०००।– |
| ३. पंक्षी शिकार अनुज्ञापत्र | रू. ३००।– | रू. २,०००।– |
| ४. पूरक शिकार अनुज्ञापत्र | | |

| वन्यजन्तुको नाम | प्रति वन्यजन्तु दस्तूर | |
|---|---|---|
| (क) चितुवा | रू. २,०००।– | रू. १०,०००।– |
| (ख) नाउर | रू. २,०००।– | रू. १०,०००।– |
| (ग) भालु | रू. १,०००।– | रू. ८,०००।– |
| (घ) जरायो | रू. १,०००।– | रू. ५,०००।– |
| (ङ) घोरल | रू. ५००।– | रू. ५,०००।– |
| (च) थार | रू. ५००।– | रू. ५,०००।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| (छ) झारल | रू. | ५००।– | रू. | ५,०००।– |
| (ज) चित्तल | रू. | ३००।– | रू. | १,०००।– |
| (झ) बंदेल | रू. | १००।– | रू. | २००।– |
| (ञ) सामान्य शिकार अनुज्ञापत्र-मा भएका वन्यजन्तु थप प्रत्येकको | रू. | ३००।– | रू. | १,०००।– |
| ५. पेशेवार शिकारी अनुज्ञापत्र (पाँचवर्षको लागि मात्र) | रू. | २५,०००।– | रू. | ५०,०००।– |
| ६. शिकार गाईड अनुज्ञापत्र | रू. | २००।– | | – |
| ७. शिकार आरक्षमा क्षेत्र (ब्लक) सुरक्षण इजाजतपत्र (शिकार क्षेत्र सुरक्षण गर्न प्रति शिकारी प्रति हप्ता) | रू. | ५००।– | रू. | १,०००।– |
| ८. आखेटोपहारको कानूनी स्वामित्वको प्रमाणपत्र | रू. | १०।– | रू. | २५।– |
| ९. अनुज्ञापत्र इजाजतपत्रको नक्कल | रू. | १०।– | रू. | २५।– |

## अनुसूची–२
### (नियम २२ संग सम्बन्धित)

### वैज्ञानिक अनुसन्धानको लागि वन्यजन्तु वा पंक्षीहरू पक्रन र सङ्कलन गर्न इजाजतपत्र बापतको दस्तूर

| (क) स्तनधारी वन्यजन्तु | प्रति वन्यजन्तुको दस्तूर |
|---|---|
| १. चितुवा | रू. १०,०००।– |
| २. भालु (स्थल र हिमाली) | रू. ८,०००।– |
| ३. नाउर | रू. १०,०००।– |
| ४. जरायो, घोड गधा | रू. ५,०००।– |
| ५. झारल, थार, घोरल | रू. ५,०००।– |
| ६. रातो बाँदर | रू. २,०००।– |
| ७. जङ्गली कुकुर | रू. १,५००।– |
| ८. सबै किसिमका वन बिरालाहरू (संरक्षित वन्यजन्तुको अनुसूचीमा नपरेका मात्र) | रू. १,०००।– |
| ९. चित्तल | रू. १,०००।– |
| १०. लगुना, रातो मृग | रू. ५००।– |
| ११. ढेडु (लंगुर) बाँदर | रू. ५००।– |
| १२. स्याल फ्याउरो | रू. ५००।– |
| १३. बंदेल | रू. २००।– |
| १४. ओत, रतेल | रू. २००।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

152

| | | |
|---|---|---|
| १५. मार्टिन (मलसाँप्रो) मारमोट, बिजेल, हेजहग, व्यजर | रू. | १००।– |
| १६. चमेरा | रू. | १००।– |
| १७. उड्ने लोखर्के र ठूलो लोखर्के (फ्लाइङ्ग र जायण्ट स्कोरेल) | रू. | १००।– |
| १८. अन्य लोखर्के | रू. | ५०।– |
| १९. खरायो, मुसे खरायो | रू. | ५०।– |
| २०. न्याउरी मुसा | रू. | ५०।– |
| २१. दुम्सी | रू. | ५०।– |
| २२. छुचुन्द्रो, मोल, भोल | रू. | २५।– |
| २३. मुसा | रू. | १०।– |

(ख) पंक्षीहरू (फुलसमेत)

| | | |
|---|---|---|
| १. ठूलो बाज (शाही बाज) | रू | २,०००।– |
| २. सारस, कराङकुरुङ र गरुड सारस | रू. | १५०।– |
| ३. चिल, गिद्ध, ठूलो शिकारी पंक्षी र कालिज | रू. | १००।– |
| ४. ठूलो लाटोकोसेरो, माछा मार्ने लाटोकोसेरो | रू. | १००।– |
| ५. चिलिमे कालिज, कोकलास र ठूलो हाँस | रू. | १००।– |
| ६. धनेश | रू. | ७५।– |
| ७. सानो बाज, सानो शिकारी पंक्षी लुइँचे र तित्रा | रू. | ५०।– |
| ८. च्याखुरा, हाँस चखेवा र मैना | रू. | ५०।– |
| ९. अन्य लाटोकोसेरो | रू. | २५।– |
| १०. परेवा, मलेवा, ढुकुर, जुरेली, तोरीचरा र बट्टाई | रू. | २५।– |
| ११. ग्रेकल्स, रानी चरी, कुथुर्के, बुङ्गे चरा र फ्लावर पर्क्स | रू. | २५।– |
| १२. लाहाँचे, काठफोड्वा, कोइली र कुक्कु | रू. | २५।– |
| १३. सुगा | रू. | २५।– |
| १४. अन्य पंक्षीहरू | रू. | २५।– |

(ग) रेप्टाइल्स (घस्रिने जन्तु) माछा तथा कीराहरू

| | | |
|---|---|---|
| (१) मगर गोही वा मगर गोहीको फुल | रू. | २००।– |
| (२) कछुवा, कछुवाको फुल | रू. | २०।– |
| (३) अन्य सर्प जाति | रू. | २०।– |
| (४) छेपारो | रू. | १०।– |
| (५) माछा (५ इञ्च र सोभन्दा लामो) | रू. | १०।– |
| (६) माछा (५ इञ्चभन्दा छोटो) | रू. | ५।– |
| (७) पुतली | रू. | ४।– |
| (८) अरू कीरा फटेंग्रा प्रतिसय | रू. | १०।– |

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।३।३ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई नेपाल वन सेवा, वोटानी समूह, रा. प. तृतीय श्रेणीको पदमा बढुवा गरी नियुक्त गरी देहायबमोजिम पदस्थापन गरेको छ।

| क्र. सं. | नाम र थर | पद संकेत नं. | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री प्रकाशमणि रेग्मी | व. वनस्प. वि. ०७।८२ | सहायक वैज्ञानिक अधिकृत । वोटानिकल सर्भे तथा हर्वेरियम शाखा |
| २. | श्री शुशिमरन्जन बराल | व. वनस्प. वि. ०७।३१ | जडिबूटी उद्यान मणिचूर । |

### सूचना २

श्री ५ को सरकारले मिति २०४२।३।१४ को निर्णयानुसार श्री मोहमदकासिम खाँलाई नेपाल वन सेवा, फार्मेसी समूह, राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा गरी नियुक्त गरी औषधि व्यवस्था विभागमा पद संकेत नं. औ. व्य. वि. ०७।१० को निरीक्षक पदमा पदस्थापन गरेको छ।

### सूचना ३

श्री ५ को सरकारले मिति २०४२।४।२८ को निर्णयानुसार श्री घीरानन्द झालाई नेपाल वन सेवा, फार्मेसी समूह, रा. प. तृतीय श्रेणीको पदमा १ वर्षको परीक्षण कालमा रहने गरी स्थायी नियुक्ति गरी वनस्पति विभाग, शाही औषधि अनुसन्धानशालामा पद संकेत नं. व. वनस्पति वि. ०७।१० को सहायक वैज्ञानिक अधिकृत पदमा पदस्थापन गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२५४

## सूचना ४

श्री ५ को सरकारले मिति २०४२।५।३ को निर्णयानुसार देहायका व्यक्तिहरूलाई नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, रा.प.तृतीय श्रेणीको पदमा १ वर्षको परीक्षण कालमा रहने गरी स्थायी नियुक्ति गरी देहायबमोजिम पदस्थापन गरेको छ।

| क्र.सं. | नाम र थर | पद सङ्केत नं | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री मेघबहादुर पाण्डे | व.रा.व. सं.वि.०७१७ | सहायक वन्यजन्तु संरक्षण अधिकृत, रारा राष्ट्रिय निकुन्ज कार्यालय। |
| २. | श्री पुरनभक्त श्रेष्ठ | व.रा.व. सं.वि.०७१८ | सहायक वन्यजन्तु संरक्षण अधिकृत, शे-फोक्सुण्डो राष्ट्रिय निकुन्ज कार्यालय। |

## सूचना ५

श्री ५ को सरकारले मिति २०४२।५।१२ को निर्णयानुसार नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, राजपत्राँकित तृतीय श्रेणीका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरूवा गरेको छ।

| क्र.सं. | नाम र थर | साविक पद, पद संकेत नं. र कार्यालय | सरूवा भएको पद, पद सकेत नं.र कार्यालय |
|---|---|---|---|
| १. | श्री लक्ष्मीप्रसाद मानन्धर | सहायक वन्यजन्तु संरक्षण अधिकृत, नं.व.रा.व.सं.वि.०७।१८, खप्तड राष्ट्रिय निकुन्ज कार्यालय। | सहायक वन्यजन्तु संरक्षण अधिकृत, नं.व.रा.व.सं.वि.०७।१ राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग। |
| २. | श्री निमा वाङ्चु शेर्पा | सहायक वन्यजन्तु संरक्षण अधिकृत, नं.व.रा.व.सं.वि.०७।८, शे-फोक्सुण्डो राष्ट्रिय निकुन्ज कार्यालय। | सहायक वन्यजन्तु संरक्षण अधिकृत, नं.व.रा.व.सं.वि.०७।१४ ढोर पाटन शिकार आरक्ष। |

आज्ञाले,
जितेन्द्रलाल मास्के
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५४

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४२।४।२१ को निर्णयानुसार राजपत्र अनंकित प्रथम श्रेणीका देहायका कर्मचारीहरूलाई नेपाल प्रशासन सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको पदमा बढुवा नियुक्ति गरी देहायको पद र कार्यालयमा पदस्थापन गरेको छ ।

| क्र. सं. | नाम र थर | पदस्थापन भएको पद र कार्यालय |
|---|---|---|
| १. | श्री लालबहादुर खत्री क्षेत्री | राजपत्राङ्कित तृतीय श्रेणी, रक्षा मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| २. | श्री पूर्णबहादुर भुजू | ,, ,, |
| ३. | श्री विदुरनिधि शर्मा | राजपत्राङ्कित तृतीय श्रेणी, वन तथा भू-संरक्षण मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ४. | श्री सुवर्णलाल नेवा | राजपत्राङ्कित तृतीय श्रेणी, भूमिसुधार मन्त्रालय वा अन्तर्गत कार्यालय । |
| ५. | श्री रामजीप्रसाद शर्मा | राजपत्राङ्कित तृतीय श्रेणी, शिक्षा तथा संस्कृति मन्त्रालय वा अन्तर्गत कार्यालय । |

आज्ञाले,
ज्ञानबहादुर शाक्य
उप-सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

खण्ड ३५, मिति २०४२।३।३१ संख्या १४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना नं. २ को नेपाल कृषि सेवाको थप दरबन्दी समूहीकृतसम्बन्धी सूचनाको क्र.सं. १ देखि ४ तक रहेको स्थानको महलमा कार्यालय हुनु पर्नेमा आयोजना हुनगएको र सोही सूचनाको श्रेणीको महलमा रा.प. द्वितीय हुनु पर्नेमा रा.प. तृतीय हुनगएकोले भूलसुधार गरिएको छ ।

आज्ञाले,
विदुरकुमार थापा
श्री ५ को सरकारको निमित्त सचिव



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।